# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्याः ४ | प्रकाशित मितिः २०७५/०३/२२

## भाग-१

## <u>रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७५</u>

रोङ गाउँपालिका
२०७३

# अनुसूची ६

(दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

## रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७५

स्वीकृत मितिः २०७५/०३/१५

### रोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रोङ गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

**२. सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची बमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. घर जग्गा वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**४. मालपोत तथा घर जग्गा कर :** विगत वर्षहरुकै दररेटमा वक्यौता असूल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची  बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची बमोजिम सवारी साधन कर लगाइने छ  र उक्त कर प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

**९. मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

**१०. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचीमा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफटीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफटीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन प्रवेश शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहाण्लय जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसूचीमा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची

दफा....संग सम्बन्धित

**कर, दस्तूर, शुल्कको दररेट**

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | बार्षिक करको दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | (क) | (ख) | (ग) | अन्य | |
| १ | **व्यवसाय कर** | रक्सी/मदिरा पसल/रेष्टुरेन्ट बार (राजमार्ग क्षेत्र) | २०० | ३००० | ३००० | ३००० | | |
| | | रक्सी/मदिरा पसल/रेष्टुरेन्ट बार (ग्रामिण क्षेत्र) | १०० | १००० | १००० | १००० | | |
| | | खाना/नास्ता/फास्टफुड/भोजनालय | १०० | १००० | १००० | १००० | | |
| | | चिया, मिठाई पसल | १०० | १००० | १००० | १००० | | |
| | | रक्सी/मदिरा/होटल/लज | १०० | २५०० | १७०० | १२०० | | |
| | | होटल एण्ड लज | १०० | १५०० | १००० | १००० | | |
| | | रिसोर्ट | १०० | २५०० | १८०० | १५०० | | |
| | | होमस्टे | १०० | १५०० | १००० | ७०० | | |
| | | बेकरी क्याफे | १०० | १००० | १००० | १००० | | |
| | | किराना पसल | १०० | १००० | १००० | १००० | | |
| | | टेलरिङ्ग | १०० | १००० | १००० | १००० | | |
| | | फोटो स्टुडियो | १०० | १००० | १००० | १००० | | |
| | | मासु पसल | १०० | १००० | १००० | १००० | | |
| | | बुटिक | १०० | १००० | १००० | १००० | | |
| | | पेन्टिङ्ग | १०० | १००० | १००० | १००० | | |
| | | डान्स सेन्टर (सिकाउने) | १०० | १००० | १००० | १००० | | |
| | | फर्निचर उद्योग | १०० | २५०० | १५०० | १००० | | |
| | | स.मिल | १०० | २००० | १५०० | १००० | | |
| | | कृषि तथा वन जन्य उद्योग | १०० | १००० | १००० | १००० | | |
| | | सुन (ज्वेलरी) पसल | १०० | १५०० | १२०० | १००० | | |
| | | कम्युनिकेशन सेन्टर | १०० | १००० | १००० | १००० | | |
| | | मोवाइल पसल | १०० | १००० | १००० | १००० | | |
| | | घडी विक्री पसल | १०० | १००० | १००० | १००० | | |
| | | जुत्ता/ चप्पल पसल | १०० | १००० | १००० | १००० | | |
| | | पुस्तक/स्टेशनरी पसल | १०० | १००० | १००० | १००० | | |
| | | पान पसल | १०० | १००० | १००० | १००० | | |
| | | तमाखु पसल/हुक्का बार | १०० | १५०० | १२०० | १००० | | |
| | | कम्प्युटर, फ्रिज, फोटोकपी, वाशिङ्ग मेशिन जस्ता इलेक्ट्रोनिक पसल | १०० | १००० | १००० | १००० | | |
| | | रेडिमेड/तयारी लुगा पसल | १०० | १००० | १००० | १००० | | |
| | | हार्डवेयर पसल | १०० | १५०० | १२०० | १००० | | |
| | | ऐना/प्लाई/सिसा पसल | १०० | १००० | १००० | १००० | | |
| | | कस्मेटिक पसल | १०० | १५०० | १२०० | १००० | | |
| | | तरकारी पसल | १०० | १००० | १००० | १००० | | |
| | | भाँडाकुँडा पसल | १०० | १५०० | १२०० | १००० | | |
| | | गिफ्ट/खेलौना पसल | १०० | १००० | १००० | १००० | | |
| | | वीमा एजेन्ट | १०० | १००० | १००० | १००० | | |
| | | पशु चिकित्सक | १०० | १००० | १००० | १००० | | |
| | | साइबर क्याफे | १०० | १००० | १००० | १००० | | |
| | | विकास बैंक शाखा | १०० | ५००० | ५००० | ५००० | | |
| | | वाणिज्य बैंक शाखा | १०० | ५००० | ५००० | ५००० | | |
| | | शाखा रहित बैंक | १०० | ३००० | ३००० | ३००० | | |
| | | सहकारी संस्था | १०० | १५०० | १५०० | १५०० | | |
| | | शाखा रहित वित्तीय संस्था | १०० | ५००० | ५००० | ५००० | | गाउँपालिकावाट अनिवार्य स्वीकति |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लिनुपर्ने |
| | | अन्य वितिय संस्था | १०० | १५०० | १५०० | १५०० | | |
| | | भेटेरीनरी क्लिनिक | १०० | १००० | १००० | १००० | | |
| | | उद्योगहरु | १०० | ५००० | ५००० | ५००० | | |
| | | प्राईभेट विद्यालय (प्रा.वि.) | १०० | २००० | २००० | २००० | | |
| | | प्राईभेट विद्यालय (मा.वि.) | १०० | ३००० | ३००० | ३००० | | |
| | | प्राईभेट विद्यालय (उ.मा.वि.) | १०० | ४००० | ४००० | ४००० | | |
| | | प्राईभेट मन्टेश्वरी विद्यालय | १०० | ५००० | ५००० | ५००० | | |
| | | सैलुन/ब्यूटी पार्लर | १०० | १००० | १००० | १००० | | |
| | | निर्माण व्यवसायी | १०० | ५००० | ३००० | २५०० | २००० (घ वर्ग) | |
| | | ढुवानी/यातायात व्यवसायी | १०० | ५०० ट्रक, बस,ई. | २५० पिकअप, सफारी,भ्यान, ई. | ५० मोटरसाईकल,ई. | | |
| | | कुटानी पिसानी मिल | १०० | १००० | १००० | १००० | | |
| | | पशुपक्षी पालन व्यवसाय | १०० | १००० | १००० | १००० | | |
| | | कृषि व्यवसाय | १०० | १००० | १००० | १००० | | |
| | | घरेलु, आन्तरिक राजश्व र जिल्ला स्थित कार्यालयमा दर्ता भएका अन्य व्यवसायहरु | १०० | १००० | १००० | १००० | | |
| | | प्राइभेट स्वास्थ्य क्लिनिक | १०० | १००० | १००० | १००० | | |
| | | पेल्ट्रीक सेट (प्रति सेट) | १०० | २००० | २००० | २००० | | उत्पादन शुरू भए पछि |
| | | हाइड्रो पावर (प्रति मेगावाट) | १०० | १००० | १००० | १००० | | उत्पादन शुरू भए पछि |
| निर्धारित समय भित्र व्यवसाय कर नबुझाएमा पहिलो बर्ष १०, दोश्रो बर्ष २०, तेश्रो बर्ष ३० त्यसपछि ५० प्रतिशतका दरले बिलम्ब शुल्क लाग्नेछ । | | | | | | | | |
| माथि उल्लेख भए देखि बाहेक अन्य व्यवसायहरूबाट कर असुल गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले कर निर्धारण गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्न सक्नेछ । साबिक गा.बि.स.ले लिईआएको व्यवसाय कर समेत दर्ता नवीकरण गर्ने र सो वापत प्रथम पटक रु १००।- लिने । | | | | | | | | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | कैफियत |
|---|---|---|---|---|
| २ | **मालपोत** | | | आ.व. २०७५/०७६ देखि खारेज (विगत वर्षहरुको वक्यौता मात्र असुल गरिनेछ ।) |
| ३ | **घरधुरी कर** | | | आ.व. २०७५/०७६ देखि खारेज (विगत वर्षहरुको वक्यौता मात्र असुल गरिनेछ ।) |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति वर्गफुट (पक्की घरको मात्र) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कालोपत्रे सडक | कच्ची मूल सडक | कच्ची शाखा सडक | |
| ४ | **नक्सा पास दस्तुर** | निजी प्रयोजन | | ५ | ४ | ३ | |
| | | व्यावासायिक प्रयोजन | | १० | ७ | ५ | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति वर्गफुट | कैफियत |
|---|---|---|---|---|---|
| ५ | **बिज्ञापन कर** | व्यावासायिक प्रयोजनका होर्डिङ्ग बोर्डहरू | | १०० | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति ट्रिप | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बस,ट्रक,ई. | कार,भ्यान,जीप,पिकअप,(सानो गाडी) | मोटरसाइकल,ई. | |
| ६ | **पार्किङ्ग शुल्क** | | | ५० | ३० | १० | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | प्रति सिफारिश | | | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | | **अन्य शुल्क, दस्तूरहरु** | | | | |
| | | नागरिकता सिफारिश दस्तूर | ० | | | |
| | | नागरिकता प्रतिलिपि सिफारिश दस्तूर | प्रथम पटक १०० | दोस्रो पटक २०० | त्यस पछि ३०० | |
| | | रूख कटानको सिफारिश (प्रति रुख) | १०० | | | |

| | | | | |
|---|---|---|---|---|
| | | **व्यक्तिगत घटना दर्ता शुल्क** | | |
| | | क) विवाह दर्ता | १०० (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.५०) | |
| | | ख) जन्म दर्ता | ७५ (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.२५) | |
| | | ग) मृत्यू दर्ता | २५ | |
| | | घ) बसाईसराई दर्ता | १०० (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.५०), | |
| | | ङ) सम्बन्ध विच्छेद दर्ता | १०० | |
| | | स्थलगत सर्जमिन मुचुल्का | १५०० (रु. ५०० राजश्व दाखिला गरी बाँकी रु. १,०००।- फिल्डमा काम गर्ने सम्बन्धित कर्मचारीलाई भुक्तानी हुने गरी) | |
| | | नाता प्रमाणित ( बैदेशिक प्रयोजन) | १००० | |
| | | नाता प्रमाणित (अन्य प्रयोजन) | २५० | |
| | | घरबाटो प्रमाणित | ३५० | |
| | | **सम्पत्ति मूल्याङ्कन** | | |
| | | क) पाँच लाख सम्म | ५०० | |
| | | ख) पाँच लाख देखि दश लाख सम्म | १००० | |
| | | ग) दश लाख देखि पन्ध्र लाख सम्म | १५०० | |
| | | घ) पन्ध्र लाख देखि वीस लाख सम्म | २००० | |
| | | ङ) वीस लाख देखि एक करोड सम्म | ३००० | |
| | | च) त्यस भन्दा माथि | ५००० | |
| | | विद्युत सिफारिश | २५० | |
| | | चारकिल्ला प्रमाणित | २५० | |
| | | भू. पू. लाहुरेको सिफारिश | ५०० | |
| | | अन्य सिफारिश दस्तुर | २५० | |
| ८ | | पर्यटन | - अन्य पर्यटकीय स्थलको पहिचान गरिनेछ।<br>- प्रदेशले निर्धारण गरे बमोजिम हुनेछ। | |
| ९ | | घरवहाल कर | घरवहाल रकमको ५ प्रतिशत | |
| १० | | वहाल विटौरी शुल्क | जोरकलश क्षेत्रका व्यापारिक स्टलहरुबाट प्रति महिना प्रति स्टल रु. ६,०००।- र उक्त क्षेत्रबाहेकबाट असुल उपर गर्नुपर्ने भएमा कार्यपालिकाबाट निर्णय गरि असुल उपर गर्ने र अनुमोदका लागि गाउँसभामा पेश गर्ने। | |
| ११ | | एकीकृत सम्पत्ति कर | - पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा एक मुष्ठ रु. ५०।- (पचास)<br>- पचास लाख रुपैयासम्म प्रतिलाख रु.१० (दश)<br>- एकाउन्न लाख देखि एक करोड रुपैयासम्म प्रतिलाख रु.२० (बीस)<br>- एक करोड एक लाख देखि दुई करोड रुपैयासम्म प्रतिलाख रु. २५ (पच्चीस)<br>- दुई करोड एक लाख रुपैयाँदेखि तीन करोड रुपैयासम्म प्रतिलाख रु.३० (तीस)<br>- तीन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयासम्म प्रतिलाख रु.४५ (पैतालीस)<br>- पाँच करोड भन्दा माथि प्रति लाख रु. ५० (पचास) | |

आज्ञाले,

डिक प्रसाद दाहाल

रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत